प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# सामाजिक विकास मन्त्रालय
कैलाली

ईमेल: mosdkailali07@gmail.com
फोन नं.:०९१५२४५६३
०९१५२६५०४
फ्याक्स नं.०९१-५२७१६८

प.सं.:- २०७५।०७६
च.नं.:- २६६

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल
२०७४

मिति : २०७६/०२/१०

बिषय : जानकारी सम्बन्धमा ।

श्री , ८८ वटै स्थानीय तह

सुदूरपश्चिम प्रदेश ।

प्रस्तुत सम्बन्धमा संविधानको आधारमा नेपाल सरकार द्वारा स्वीकृत कार्यगत विस्तृतिकरण र स्थानिय सरकार संचालन ऐन २०७४ मा आधारभूत स्वास्थ्य सेवा प्रवाहको जिम्मेवारी स्थानीय तह अन्तर्गत रहने गरि परिभाषित गरिएको छ । स्वास्थ्य सेवाको मापदण्ड तथा गुणस्तर निर्धारण , औषधि तथा स्वास्थ्य जन्य सामग्रीको खरिद तथा आपूर्ति , जनशक्तिको व्यवस्थापन लगाएतका बिबिध कार्यमा संघ , प्रदेश एवं स्थानीय तहको महत्वपूर्ण भूमिका हुन्छ । संघ , प्रदेश र स्थानीय तहमा तयार गरिने स्वास्थ्य योजनाहरुको समस्टिगत रुप नै स्वास्थ्य क्षेत्रको समग्र योजना हुने भएकोले बिभिन्न तहमा तयार गरिने योजनाहरु बिच सामन्जस्यता तथा निकट समन्वय आवश्यक छ । आ.व २०७६/७७ का लागि बार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रिया बिभिन्न तहमा भैरहेको छ । यस सन्दर्भमा संघ , प्रदेश तथा स्थानीय तह बिच सामन्जस्यता हुने गरि समन्वयात्मक रुपमा स्थानीय तहमा स्वास्थ्य सम्बन्धि बार्षिक योजना तथा बजेट तर्जुमाका लागि सहजीकरण गर्ने अभिप्रायले यो मार्गदर्शन यसै पत्र साथ् संग्लग्न योजनाहरुमा अवस्था र आवश्यकता अनुसार बजेट व्यवस्थापन गरि कार्यन्वयन गर्नुहुनेछ भनि अपेक्षा सहित स्थानीयतहको लागि प्रस्तावित योजना पठाएको ब्योहरा अनुरोध गरिन्छ ।

.....
ई.गोगन ब. हमाल
प्रदेश सचिव
प्रदेश सचिव

बोधार्थ :

स्वास्थ्य निर्देशनालय , डोटी र ९ वटै स्वास्थ्य कार्यालयहरु (आवश्यक सहजीकरण गर्नुहुन ) ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली

इमेल: mosdkailali07@gmail.com
फोन नं.:०९१५२४५६३
०९१५२६५०४
फ्याक्स नं.०९१-५२७१६८

प.सं.:-
च.नं.:-

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल
२०७४

## मार्गदर्शन

### स्वास्थ्य संयोजकले ध्यान दिनुपर्ने कुराहरु :

1. स्थानीय तहलाई विनियोजित बजेट मध्ये अनिवार्य दायित्वलाई प्रथम प्राथमिकतामा राखी सेवा संचालन गर्नु पर्नेछ । अनिवार्य दायित्व भन्नाले स्थानीय तह अन्तर्गत परेका स्वास्थ्य चौकी , प्राथमिक स्वास्थ्य केन्द्र , अस्पताल , आयुर्वेद औषधालय , जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुको कर्मचारीको तलब भत्ता तथा अन्य सुबिधा , संस्था संचालनको लागि आवश्यक खर्च पर्दछन ।
2. स्थानीय तहमा स्वास्थ्य कार्यक्रम संचालन गर्दा सशर्त अनुदानको रुपमा बजेट सहित उल्लेखित क्रियाकलापहरुलाई सम्बन्धित कार्यक्रमको मर्म अनुरुप स्थानीय आवश्यकता र औचित्यको आधारमा समायोजन गरि संचालन गर्न सकिनेछ ।
3. संघ तथा प्रदेशबाट निर्दिस्ट कार्यक्रमका अतिरिक्त स्थानीय स्तरमा थप बजेट जुटाई स्वास्थ्य सेवाका कार्यक्रम बिस्तार गर्न सकिनेछ ।
4. संघ , प्रदेश र स्थानीय तहको स्वास्थ्यको बिध्यमान अवस्था र लक्ष्यलाई साकार पार्ने गरि समन्वयात्मक रुपमा कार्यन्वयन गर्ने ।
5. जिल्ला स्थित स्वास्थ्य कार्यालय , अस्पताल संग समन्वय गरि आवश्यक प्राविधिक सहजीकरणको लागि निमन्त्रणा गर्ने ।
6. संघीय तथा प्रादेशिक स्तरबाट आपूर्ति नभएका तर स्थानीय तहमा आवश्यक पर्ने फारामहरुको छपाई खर्च विनियोजित बजेट तथा स्थानीय स्तरमा श्रोत जुटाई व्यवस्थापन गर्नु पर्नेछ ।
7. कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने निर्देशिकाहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय , सामाजिक बिकास मन्त्रालयको वेबसाइट ( **mosd.p7.gov.np** ) बाट वा समबन्धित जिल्ला स्थित स्वास्थ्य कार्यालयको समन्वयमा प्राप्त गर्न सकिनेछ ।
8. बिगत देखि नै online reporting गर्ने गरेका स्वास्थ्य संस्थाहरुबाट online reporting नै गर्ने व्यवस्था सुचारु गर्नु पर्नेछ । online reporting गर्ने नगरेका स्वास्थ्य संस्थाहरुले नियमित रुपमा HMIS र LMIS मार्फत सम्बन्धि गाउँ/नगरपालिका reporting गर्ने व्यवस्था मिलाउनुका

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली

ईमेल: mosdkailali07@gmail.com
फोन नं.:०९१५२४५६३
०९१५२६५०४
फ्याक्स नं.०९१-५२७१६८

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय कैलाली, नेपाल २०७४

प.सं.:-
च.नं.:-

साथै गाउँ/नगरपालिका स्तरमै online reporting गर्ने व्यवस्था क्रमशः लागु गर्ने । बिश्लेषण गरिएको तथ्यांक आवश्यकता अनुसार जिल्ला स्थित स्वास्थ्य कार्यालयको समन्वयमा प्राप्त गर्न सकिनेछ ।

9. स्थानीयतहलाई एकल अधिकार भित्र रहेको आधारभूत स्वास्थ्य क्षेत्र र सरसफाइमा कार्य गर्न असहज महशुस भई आवश्यक हुने नीतिगत स्पष्टता र सहजिकरणको स्वास्थ्य कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

10. यस मन्त्रालयले बनाएको " द्रुत प्रतिकार्य टोलि ( RRT ) गठन तथा संचालन निर्देशिका आ.व २०७५ / ७६ ", सुदूरपस्चिम प्रदेश को पूर्ण कार्यन्वयन गर्नु पर्नेछ र उक्त निर्देशिकाको बुंदा न ८ " स्थानीय तहको भूमिका " मा उल्लेखित बमोजिमको बजेट व्यवस्थापन गर्नु पर्नेछ ।

11. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनको परिच्छेद - ६ मातृत्व तथा प्रजनन स्वास्थ्यको लागि बजेट बिनियोजन तथा अनुदान अन्तर्गतको दफा २३ "स्थानीय तहले बजेट विनियोजन गर्ने" (१) स्थानीय तहले आफ्नो बार्षिक बजेटमा मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको प्रयोजनका लागि आवश्यक बजेट बिनियोजन गर्नु पर्नेछ र उपदफा (१) बमोजिम बजेट विनियोजन गर्दा मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा प्रदान गर्ने सरकारी वा सामुदायिक स्वास्थ्य संस्थाले प्राप्त हुने गरि गर्नु पर्नेछ ।

12. आधारभूत स्वास्थ्य र सरसफाइको बारेमा स्पस्ट रुपमा जनस्वास्थ्य सेवा ऐन २०७५ मा उल्लेख भए बमोजिम पूर्ण कार्यन्वयनको लागि पहल गर्नु पर्नेछ।

13. समबन्धित स्थानीयतहका स्वास्थ्य संयोजक/उपसंयोजकले कार्यरत गैरसरकारी संघ संस्थाहरु संग समन्वय गरि श्रोत साधनको डुप्लिकेसन नहुने गरि श्रोत पहिचान र परिचालन गरि योजना तथा बजेट तर्जुमा गर्नु पर्नेछ ।

14. प्रत्येक वडास्तर बाट स्वास्थ्य र सरसफाईका तथ्यगत रुपमा योजना र बजेट माग गर्ने/गराउने गरि महिला स्वास्थ्य स्वयम्सेविका , स्वास्थ्य संस्था प्रमुख सहितको टिम , व्यवस्थापन समिति , श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति , बजेट तथा कार्यक्रम तर्जुमा समिति संग आवश्यक समन्वय गर्नु पर्नेछ ।

| क्र.सं. | कार्यक्रमको नाम | विस्तृतिकरण |
|---|---|---|
| १ | स्वस्थ विद्यार्थी अभियान | प्रत्येक महिना विद्यार्थी चेकजाँच गर्ने (नजिकैको स्वास्थ्य संस्था वाट) |
| २ | विद्यालयमा मुख स्वास्थ्य अभियान | Oral hygiene समवन्धि जनचेतनामुलक गतिविधि संचालन , दांत माझ्ने सहि तरिकाको प्रदर्शन ( प्रत्येक कक्षाका विद्यार्थीहरुलाई ) |
| ३ | स्वस्थ नगरबासि / गाउँबासि अभियान | निशुल्क रुपमा सकेसम्म धेरै वासिहरुले कम्तिमा मधुमेह , एच आई भी , मुटु/कलेजो समवन्धिका जांच , हेमोग्लोविन , रक्त समूह जांच , उच्च रक्तचाप , कोलेस्ट्रोल आदिको प्याकेज बनाएर जांच गर्ने |
| ४ | महिला संग उपमेयर/उपाध्यक्ष कार्यक्रम | प्रजनन स्वास्थ्य संग समवन्धित हरेक पक्षको उत्थान, समस्या समाधान , सेवा विस्तार , गुणस्तरता अनुगमन जस्ता अभियान |
| ५ | सरकार प्रमुख संग अभिभावक कार्यक्रम | यस अन्तर्गत विशेष गरेर जेष्ठ नागरिक संग समवन्धित सेवा , सवालहरु , नसर्ने रोगहरुको पहिचान र उपचार , अखाद्द वस्तुको कडा नियमन , मदिरा र सुर्तीजन्य पदार्थको नियमन तथा कारवाही आदि जस्ता अभिभावकत्व संग समवन्धित गतिविधिहरु संचालन गर्न सकिने |
| ६ | स्वास्थ्य संस्थालाई सेवा प्रवाह गुणस्तरताको लागि अनुदान कार्यक्रम | जस अन्तर्गत सेवा विस्तार , सामान्य कुराहरुको व्यवस्थापन , स्वास्थ्य चौकी व्यवस्थापन समितिको वैठक,छलफल,पहल जस्ता गतिविधिहरु गरिने |
| ७ | जनप्रतिनिधि संग बालबालिका कार्यक्रम | जस अन्तर्गत विशेष गरेर कक्षा ५ सम्मका विद्यार्थी भाईवहिनीहरुको स्वास्थ्य संग केन्द्रित कम खर्चिला कार्यक्रमहरु गर्न सकिनेछ । उदहारणको लागि : ५ सम्मका सम्पूर्ण विद्यालयहरुमा प्रत्येक विद्यार्थीलाई एक फ्लोराईड भएको कोल्गेट र वच्चाको टुथ ब्रस दिने , शिक्षकले विद्यार्थीले दिवा खाजा खाईसके पश्चात १० मिनेट मात्रै छुट्याएर सम्पूर्ण वालवालिकालाई मन्जन गर्न लगाउने , त्यसपछि कक्षा संचालन गर्ने । वालवालिकाको दांतमा किरा लाग्ने रोग , घाटीको समस्या , मुटु रोग जस्ता अनेकौ रोगको रोकथाम गर्न सक्छौ र स्वस्थ वानीको विकास गर्न सक्छौ । |
| ८ | " एक वडा , एक नर्स कार्यक्रम " | कम्तिमा अ.न.मि पढेका स्थानीयलाई करारमा लिने , उसको कार्यविवरण वनाउने , उक्त वडामा भएका विद्यालयहरुमा कम्तिमा महिनाको २० दिन स्वास्थ्य संग समवन्धित कक्षाहरु संचालन गर्ने , म.स्वा.स्व.से लाई सहयोग , रास्ट्रिय अभियानहरुलाई सहयोग गर्ने आदि जस्ता गतिविधिहरुमा संग्लग्न गराउने |
| ९ | आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रमको लागि अनुदान | कम्तिमा १ लाखको दरले प्रत्येक स्वास्थ्य संस्थालाई , प्रा.स्वा.के र अस्पतालको हकमा वढाएर |
| १० | मातृ तथा बाल स्वास्थ्य केन्द्र स्थापना | प्रसुती केन्द्रलाई रुपान्तरण गर्ने , आमा र वच्चा संग समवन्धित हरेक सेवा नियमित , चौविस घण्टा उपलव्ध गराउने |
| ११ | सदरमुकाम स्थित स्थानीयतहमा शहरी प्रवर्धन स्वास्थ्य केन्द्र स्थापना तथा संचालन | विशेष गरेर वढी चाप भएका स्थानमा स्वास्थ्य शिक्षा , नियमित चेकजाँच , प्रयोगशाला सेवा , परामर्श सेवा सहितको सेवा दिन सकिन्छ |
| १२ | स्वास्थ्य संस्थामा सरकार प्रमुख कार्यक्रम | यसमा प्रत्येक महिनामा कुनै न कुनै स्वास्थ्य संस्थामा मेयर/अध्यक्ष , उपमेयर/उपाध्यक्ष , प्रमुख प्रशासकीय अधिकृत , लेखा प्रमुख सहितको टोलि गएर स्वास्थ्य संस्था क्षेत्रका कर्मचारी संग अन्तरक्रिया गर्ने , सामान्य समस्याहरु तत्कालै समाधान गर्न आवश्यक पहल गर्ने |
| १३ | स्वास्थ्य संस्थामा खानेपानी , शौचालय निर्माण/मर्मत सम्भार | फोहोरमैला व्यवस्थापन गर्न |
| १४ | खानेपानीको मुहान जांच | धेरै जस्ता सर्ने रोगहरु अशुद्ध खानेपानीले हुनेभएकाले सकेसम्म धेरै पटक खानेपानीको मुहान , धाराको पानि जांच गरि सुद्धिकरणका विधिहरु अपनाउन सकिन्छ |
| १५ | मासिक किराना पसल / होटेल अनुगमन कार्यक्रम | असुद्ध र अखाद्ध पदार्थहरुको कडा नियमन गरि उपभोक्ता अधिकारको संरक्षण गर्न |
| १६ | सरसफाईयुक्त स्वास्थ्य संस्था परिसर कार्यक्रम | नमुनाको रुपमा स्वास्थ्य संस्थाहरु र अन्य सरकारी कार्यालयमा कार्यालय परिसर कम्तिमा सफा राख्नको निम्ति आवश्यक व्यवस्थापन |

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल

| क्र.सं | कार्यक्रमको नाम | बिस्तृतिकरण |
|---|---|---|
| १७ | गर्भवती महिला र आफन्तको रक्त समूह पहिचान कार्यक्रम | वडावासीहरुको रक्त समूह पहिचान कार्यक्रम , वडावासीहरुको रक्त समूह पहिचान कार्यक्रम पनि राख्न सकिन्छ र कम्तिमा आफ्नो रक्त समूह थाह पाई राख्यौं भने आकस्मिक अवस्थामा रक्तदान गर्न , सरकारी कागजातहरुमा पनि काम लाग्छ । |
| १८ | मासिक/चौमासिक औषधि पसल अनुगमन कार्यक्रम | यो सम्वन्धि आवश्यक कार्यविधि वनाई अवैधानिक औषधि पसलहरु बन्द गरि आम नागरिकलाई स्वास्थ्यको जोखिमा न्यूनीकरण गर्न सकिन्छ |
| १९ | सुरक्षित मातृत्व आकस्मिक कोष | प्रसुती महिलालाई प्रेषणको लागि यातायात सुविधाको लागि , संस्थागत सुत्केरीको लागि आदि |
| २० | महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण , रोकथाम , नियन्त्रण र व्यवस्थापन | • पोषणयुक्त वडा घोषणा कार्यक्रम<br>• प्रत्येक सरकारी कार्यालयमा स्तनपान कक्ष स्थापना<br>• पोषण सम्वन्धि तथ्यांक सुदृढीकरण कार्यक्रम<br>• कुपोषण व्यवस्थापनको लागि OTC विस्तार कार्यक्रम (प्रत्येक स्वास्थय संस्थामा )<br>• प्रत्येक स्वास्थ्य सस्थामा पोषण बगैचा र पोषण कर्नर स्थापना<br>• स्वस्थ सुपोषित बच्चा प्रतियोगिता<br>• पोषिलो जाउलो प्रदर्शनी कार्यक्रम<br>• पोषण सप्ताह अभियान मनाउने<br>• स्तनपान सप्ताह मनाउने<br>• कुपोषण रोकथाम क्षेत्रमा उत्कृस्ट काम गर्ने महिला स्वास्थ्य स्वयम सेविका वा आमा समुहलाई सम्मान/प्रोत्साहन कार्यक्रम<br>• खोप महिना अभियान मनाउने<br>• आयोडिन महिना मनाउने<br>• MUAC टेप द्वारा कुपोषण पहिचान कार्यक्रम (प्रत्येक ३-३ महिनामा , म.स्वा.स्व.से ) |
| २१ | विपद व्यवस्थापन कोषको स्थापना तथा संचालन र श्रोत साधनको परिचालन | • विपद व्यवस्थापन कार्ययोजना तर्जुमा गोष्ठी<br>• महामारी व्यवस्थापन कोष<br>• महामारी व्यवस्थापनको लागि औषधि खरिद (स्टक राख्ने , सम्भावित महामारी पहिचान र सो अनुसारको औषधि खरिद र भण्डारण )<br>• RRT परिचालन शिर्षकमा वजेट विनियोजन<br>• स्ट्रेचर खरिद तथा वितरण ( प्रत्येक टोल टोलमा , वडा कार्यालयहरुमा , विद्यालयहरुमा राखें )<br>• मासिक RRT समिक्षा कार्यक्रम ( जस अन्तर्गत प्रत्येक महिना Reporting समिक्षा पनि समावेश गर्न सकिन्छ ) |
| २२ | स्वास्थ्य विमा लगाएतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन | • " स्थानीय सरकार , स्वास्थ्य बिमा " कार्यक्रम अन्तर्गत प्रत्येक वडाका वडा अध्यक्षज्यु , अन्य वडास्तरका जनप्रतिनिधिज्युहरुले पूर्ण विमित वडा घोषणा अभियान संचालन गर्नसकिने<br>• विमा लागु भएका प्रा.स्वा.के/अस्पतालमा विमा सुदृढीकरणको लागि अनुदान<br>• स्वास्थ्य विमा साक्षरता अभियान कार्यक्रम : पूर्ण विमित वडा घोषणा अभियानमा प्रत्येक टोल टोलमा विमा शिक्षा दिने , फाईदा/वेफाइदाको वारेमा जानकारी |
| २३ | स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन | • Online reporting को लागि कम्प्युटर , नेट सेट खरिद एवं जडान ( प्रत्येक स्वास्थ्य सस्थामा )<br>• HMIS/LMIS मासिक समिक्षा वैठक/गोष्ठी<br>• ई-स्वास्थ्य संस्था कार्यक्रम ( कम्तिमा कुनै एक स्वास्थ्य संस्थालाई , मापदण्ड : निशुल्क वाईफाई क्षेत्र , स्वास्थ्य शिक्षा सूचनाको लागि टि भी को व्यवस्था , डिजिटल सूचना सामाग्री , अनलाईन रिपोर्टिंग आदि ) |

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल
२०७४

| .न | कार्यक्रमको नाम | बिस्तृतिकरण |
|---|---|---|
| २४ | जुनोटिक कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन | • किटनाशक झुल खरिद तथा वितरण (गर्भवती महिलालाई)<br>• औलो रोगि खोजि अभियान ( तराईका जिल्लाहरुमा )<br>• औलो दिवस मनाउने<br>• कालाजार , मलेरिया , डेंगु , स्क्रब टाईफस आदि समबन्धि महिला स्वास्थ्य |
| २५ | रोगको नियन्त्रण तथा रोकथाम | • सिकेलसेल एनिमिया पहिचान शिविर ( स्क्रिनिंग क्याम्प )<br>• " एक घर , एक फिल्टर " अभियान : प्रत्येक घरमा कम्तिमा १ खानेपानी सुद्धिकरणको उपाय अपनाएको हुन पर्ने<br>• " सरकारी संस्था , शुद्ध खानेपानिको व्यवस्था " कार्यक्रम : प्रत्येक सरकारी संस्थामा |
| २६ | मातृ तथा बाल स्वास्थ्यको पालिका स्तरीय समिक्षा ( स्वास्थ्य संस्था प्रमुखहरु सहभागी ) | अर्धवार्षिक र वार्षिक पालिकामा स्वास्थ्य संस्था प्रमुख र नर्सिंग स्टाफ बोलाई समिक्षा तथा योजना तर्जुमा गर्न सकिने |
| २७ | पूर्ण पोषण युक्त नगर/गाउ/वडा/घोषणा अभियान | कुपोषणको पहिचान र समाधानमा जोड पुग्ने गरि |
| २८ | पूर्ण खोप सुनिस्चित र दिगोपना अभियान | यस प्रदेशलाई पूर्ण खोप घोषणा गर्ने अभियान रहेकोले |
| २९ | पूर्ण खोप महिना , बैशाख अभियान | सम्पूर्ण लक्षित बालबालिकालाई पूर्ण खोपको पहुँचमा पुर्याउने |
| ३० | कोल्डचेन सब सेन्टर स्थापना तथा संचालन | कम्तिमा २ कोठा निर्माण , फ्रिज , जेनेरेटर खरिद गर्नुपर्ने |
| ३१ | गाउँघर क्लिनिक र खोप क्लिनिकलाई स्तोरन्नती गरि आधारभूत स्वास्थ्य इकाई बनाउने | साविकका वाह्य खोप क्लिनिक तथा गाउँ घर क्लिनिक बाट नियमित सेवा प्रवाहको लागि कम्तिमा अ.हे.व र अ.न.मि को स्थानीयस्तर बाट व्यवस्थापन गरि , औजार |
| ३२ | ५ वर्ष मुनिका सम्पूर्ण बालबालिकाहरुको पोषण स्थिति लेखाजोखा (मुआक टेप बाट ) | महिला स्वास्थ्य स्वयम् सेविका मार्फत गरि पालिकाको यथार्थ पोषण अवस्था पत्ता लगाउन सकिने |
| ३३ | भिटामिन ए वितरणको लागि आवश्यक सामग्री (कैची खरिद , पेन्सिल , रजिस्टर आदि ) | रास्ट्रीय भिटामिन ए खुवाउने कार्यक्रममा सहज हुनेगरी |
| ३४ | सम्बन्धित गैरसरकारी संस्था संग समन्वय गरि कम्युनिटी स्कोर बोर्ड र साथ कार्यक्रम बिस्तार | समुदायको संरलग्नतामा अभिवृद्दी हुने , अपनत्व र खबरदारी साथै जवाफदेहिता बढाउँन सकिने |
| ३५ | स्वस्थ बच्चा प्रतियोगिता अभियान | पूर्ण खोप लगाएको , वृद्दी अनुगमन गरेको , भिटामिन ए खाएको , सरसफाई व्यवस्थित |
| ३६ | खोप संग सम्बन्धित सामान्य खालका उपकरण खरिद ( फोम प्याड , जिपलक आदि ) | गुणस्तरीय खोप सेवा प्रदान गर्न सकिने |
| ३७ | स्कुलमा अध्ययनरत बालबालिकाहरुको नियमित स्वास्थ्य परिक्षण | स्कुल र स्थानीय स्वास्थ्य संस्था संग समन्वय गर्ने , प्रत्येक २-२ महिनामा विद्यालयमा गएर सम्पूर्ण विद्यार्थीहरुको स्वास्थ्य स्थिति परिक्षण गर्न सकिने |
| ३८ | कक्षा ५ सम्मका बालबालिकाहरुलाई बिद्यालयमा दिवा खाजा पश्चात दांत माझ्न लगाउने कार्यक्रम | व्यवहार परिवर्तन हुने , मुख स्वास्थ्य सुधार , दांतमा किरा लाग्ने समस्याको धेरै हदसम्म समाधान हुने , दांत माझ्ने सहि तरिकाको बानि पर्ने , शिक्षकहरु मार्फत प्रत्येक दिन खाजा ब्रेक पछी १० मिनेट छुट्याएर अनिवार्य गर्न लगाउने , कम लगानीमा गर्न सकिने (१ ब्रस , फ्लोराईडयुक्त कोल्गेट र अलिकति सफा पानि मात्रै भएपनि पुग्ने ) |
| ३९ | स्वास्थ्य संस्था स्तरीय MPDSR सम्बन्धि तालिम | आमा र बच्चालाई अकालमा मृत्युहुन नदिनको लागि प्रत्येक पालिका बाट कम्तिमा २ जनालाई जिल्ला स्तरमा प्रदेश सरकार बाट सो सम्बन्धि तालिमको व्यवस्था गरिने र पालिका स्तरमा स्वास्थ्य संस्थाबाट सम्बन्धित स्वास्थ्यकर्मीहरुलाई बोलाई नियमित MPDSR गर्नु पर्ने |
| ४० | MPDSR कार्यक्रमको योजना तथा समीक्षा ( समुदायस्तर ) | जिल्ला अस्पतालमा प्रशिक्षकहरु रहेका , प्राथमिक स्वास्थ्य केन्द्र भएका स्थानीयतहहरुमा समन्वय गरेर गर्न सकिने |

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय

| क्र | कार्यक्रमको नाम | विस्तृतिकरण |
|---|---|---|
| ४१ | किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था स्थापना तथा संचालन | प्रदेश सरकारले किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था Certified गर्ने भएकोले स्थानीयतह अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई किशोरकिशोरी मैत्री पूर्ण स्वास्थ्य संस्था बनाउन केहि बजेट विनियोजन गर्नुपर्ने |
| ४२ | बिद्यालयमा किशोरीहरुलाई महिनावारि सरसफाई तथा स्यानिटरी प्याड निर्माण सम्बन्धि २ दिने अभिमुखीकरण कार्यक्रम | प्रदेश सरकारले प्रत्येक स्थानीयतहका केहि नर्सिंग स्टाफहरुलाई प्रशिक्षक प्रशिक्षण तालिमको व्यवस्था गर्ने छ र स्थानीयतहले उक्त प्रशिक्षकहरु बाट आवश्यकता अनुसार आफ्नो स्थानीयतहका प्रत्येक विद्यालय , आमा समूह , किशोरी समूहमा महिनावारी सरसफाईको लागि अभिमुखीकरणको लागि बजेट विनियोजन गर्नुपर्ने |
| ४३ | RURAL ULTRA SOUND को तालिमको लागि दै.भ्र.भ र यातायात खर्च | प्रदेश सरकारले आगामी वर्ष प्रत्येक स्थानीयतहलाई आफ्नो क्षेत्रमा रहेका सम्पूर्ण गर्भवती आमाहरुको भिडियो एक्सरे मार्फत नियमित गर्भ जांच गरि मातृ तथा बाल स्वास्थ्यमा सुधार ल्याउन सकियोस भनि नेपालका विभिन्न तालिम साईटमा तालिमको लागि समन्वय गरि रहेको छ ।तालिम साइटको खर्च , प्रशिक्षक खर्च यस मन्त्रालयले व्योहर्ने र सहभागीको २१ दिनको दै.भ्र.भ , यातायात खर्च सम्बन्धित स्थानीयतहले व्योहर्ने गरि योजना रहेको हुँदा कम्तिमा २ कर्मचारीहरुको खर्चको व्यवस्था गर्नुपर्ने |
| ४४ | प्रत्येक गर्भवती महिलाको भिडियो एक्स रे गर्नको लागि आवश्यकता अनुसार शिविर संचालन | प्रदेश सरकार बाट भिडियो एक्स रे उपलब्ध गराइने , भिडियो एक्स रे गर्नको लागि नर्सिंग स्टाफलाई तालिमको व्यवस्थापन गरिने र उक्त स्टाफले सम्बन्धित स्थानीयतहको गाउँ गाउँ , टोल टोलमा गई गर्भवती आमाहरुको भिडियो एक्स रे गर्दा लाग्ने आवश्यक खर्चको व्यवस्थापन गर्नुपर्ने |
| ४५ | सडक दुर्घटना न्यूनीकरण सम्बन्धि सचेतना कार्यक्रम | जनस्वास्थ्य प्रवर्धनको लागि जनस्वास्थ्य शिक्षा र स्कुल शिक्षामा विशेष जोड दिन आवश्यक छ ।स्कुलमा सफा खानेपानिको व्यवस्था , साबुन पानिले हातधुने मात्रै व्यवस्था गर्न सकेपनि बालबालिकाको स्वास्थ्यमा निकै सुधार ल्याई स्वस्थ आनिवानिको विकास गर्न सकिन्छ । |
| ४६ | एकीकृत जनस्वास्थ्य अभियान अन्तर्गत स्वास्थ्य शिक्षा , पोषण प्रवर्धन तथा चेतनामुलक सांस्कृतिक कार्यक्रम | |
| ४७ | धेरै मानिसहरुको जमघट हुने स्थलमा होर्डिङ बोर्ड तथा फिलेक्स मार्फत स्वास्थ्य सम्बन्धि संदेश प्रवाह | |
| ४८ | अपुग एच एम आई स टुल छपाई तथा वितरण | प्रदेश सरकारले एच एम आई स टुल उपलब्ध गराउने भएतापनि आवश्यकता परेको खण्डमा केहि बजेट विनियोजन गर्न पर्ने |
| ४९ | पालिका स्तरीय स्वास्थ्य प्रोफाईल निर्माण | पालिका भित्रका सम्पूर्ण स्वास्थ्य संग सम्बन्धित तथ्यांक , जानकारीहरु , वर्षभरी गरेका कियाकलापहरु , स्वास्थ्य क्षेत्रका पालिकाको नीति लगाएतका विषयवस्तुहरु समावेश गर्नसकिने |
| ५० | स्थानीय स्वास्थ्य संस्था स्तरमा तथ्यांक सुदृढीकरण | पालिका स्तर प्रशिक्षक तालिमको लागि जिल्लामा बजेट व्यवस्थापन गरिएको |
| ५१ | पालिका स्तरीय स्वास्थ्य संस्थाहरुको मासिक बैठक तथा समिक्षा | जिल्ला स्तरीय मात्रै स्वास्थ्य कार्यालयमा व्यवस्था गरिएको |
| ५२ | स्वास्थ्य संस्था स्तरीय महिला स्वास्थ्य स्वयम्सेविकाहरुको मासिक बैठक तथा समिक्षा | आवश्यक बजेट व्यवस्थापन गर्न |
| ५३ | पालिका स्तरीय उत्कृस्ट स्वास्थ्यकर्मी , महिला स्वास्थ्य स्वयम्सेविका , स्वास्थ्य चौकी व्यवस्थापन समिति सम्मान कार्यक्रम | सकारात्मक मनोबल बढाई सेवा प्रवाह र गुणस्तरता अभिवृद्दि गर्न |

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
प्रादेशिक विकास मन्त्रालय
कैलाली, नेपाल
२०७४

| | कार्यक्रमको नाम | विस्तृतिकरण |
|---|---|---|
| ५४ | स्वास्थ्य संस्था व्यवस्थापन समितिको क्षमता अभिवृद्दि कार्यक्रम | स्वास्थ्यको संवेदनशिलता बुझ्न र व्यवस्थापन समितिको काम , कर्तव्य र जिम्मेवारीलाई अझै राम्रो संग बुझ्नको निम्ति व्यवस्थापन समितिलाई सिखार्न आवश्यक छ र सोको लागी प्रशिक्षकहरु वाहेकको आर्थिक व्यवस्थापनको लागि स्थानीयतहले बजेट व्यवस्थापन गर्नुपर्ने |
| ५५ | नसर्ने रोगको सेवा विस्तारको लागि औषधि तथा उपकरण खरिद | बाजुरा , बझांग , डोटी , डडेल्धुरा र दार्चुला जिल्लामा नसर्ने रोग सम्बन्धि कार्यक्रम विस्तार गर्ने भएकोले प्रत्येक स्थानीयतहले कम्तिमा ५ लाखको दरले विनियोजन गर्नुपर्ने |
| ५६ | सिकेलसेल एनिमिया र थालेसेमिया सम्बन्धि विद्यालयमा जनचेतनामुलक गतिविधिहरु गर्ने | कैलाली र कन्चनपुरका स्थानीयतहहरुले थारु समुदायमा प्रचलित रहेको सिकेलसेल अनिमिया र थालेसेमिया रोकथाम सम्वन्धि आवश्यक बजेट विनियोजन गर्नुपर्ने |
| ५७ | स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा विस्तार | सम्पूर्ण स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा विस्तार गर्न आवश्यक बजेट र करारमा कर्मचारी व्यवस्थापन गर्नपर्ने |
| ५८ | विपन्न नागरिकहरुलाई आकस्मिक प्रेषणको लागि कोष | विपन्न नागरिकहरुलाई उपचार पाउने संस्थाहरुमा पुग्दा लाग्ने यातायात खर्चको व्यवस्थापनको लागि कोष खडा गर्नपर्ने |
| ५९ | औषधि , औजार , उपकरण , खोप ढुवानीको लागि आवश्यक बजेटको व्यवस्थापन | स्वास्थ्य कार्यालय बाट सम्वन्धित स्थानीयतहसम्म ढुवानीको लागि बजेट स्थानीयतहले नै व्यवस्थापन गर्नुपर्ने भएकोले |
| ६० | स्थानीय तहबाट आयुर्वेद क्षेत्रमा सहयोग गर्नुपर्ने कार्यक्रमहरु | विद्यालय आयुर्वेद स्वास्थ्य र योग शिक्षा कार्यक्रम<br>अत्यावश्यक आयुर्वेद औषधि खरिद<br>स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धवर्धक औषधि शतावरी वितरण |
| ६१ | जनस्वास्थ्य प्रवर्धनको संचारमाध्यम बाट सूचना , संदेश प्रसारण | वर्षे भरि अतिआवश्यक सूचना प्रकाशन , प्रसारणको लागि आवश्यक बजेट व्यवस्थापन गर्नुपर्ने |
| ६२ | मातृ तथा बाल स्वास्थ्य सुदृढीकरणको लागि अनुदान | आमा र बच्चाको स्वास्थ्य संग आवश्यक कार्यक्रमहरु गर्न सकिने |
| ६३ | निशुल्क वितरणको लागि औषधि खरिद | १२ महिना निशुल्क स्वास्थ्य संस्था बाट औषधि वितरण गर्न सकिने |

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल
२०७४